# अर्जुनचौपारी गाउँपालिका अध्यक्ष श्री प्रकाश तिवारीज्यूले प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम

अर्जुनचौपारी गाउँपालिका

२०८२ असार ४

**गाउँसभाका सदस्यहरु, राष्ट्रसेवक कर्मचारी एवं उपस्थित महानुभावहरु,**

१. अर्जुनचौपारी गाउँपालिकाको गरिमामय १७ औं गाउँ सभाको ऐतिहासिक घडीमा उपस्थित सम्पूर्ण महानुभावलाई प्रथमतः स्वागत गर्न चाहन्छु। ऐतिहासिक जनआन्दोलन, जनयुद्ध र मधेश आन्दोलनका घाइते, अपाङ्ग, सम्पूर्ण दिवंगत योद्धाका टुहुरा, बेपत्ता तथा उनका परिवारजनहरूलाई स्मरण गर्दै हार्दिक सम्मान व्यक्त गर्दछु। पटक-पटक राष्ट्र, राष्ट्रियता, प्रजातन्त्र र स्वतन्त्रताका लागि आफूलाई समर्पित गरी प्राण आहुति दिने ज्ञात—अज्ञात सबै शहिदहरू प्रति श्रद्धासुमन अर्पण गर्दछु । प्रत्येक अर्जुनचौपारी गाउँपालिकाबासीलाई आफ्नो इतिहास र स्वाभिमान, सङ्घर्ष र बलिदान, परिवर्तन र उपलब्धिप्रति गौरब बोध गराउनः जनतामा पालिकाप्रति थप आशा र भरोसा पैदा गर्न, आर्थिक गतिशीलता बढाउन, सुशासन प्रवर्द्धन गर्न र दण्दहीनता अन्त्य गर्न अर्जुनचौपारी गाउँपालिका सदैब प्रतिबद्ध छ।

**गाउँसभा सदस्यहरु,**

२. अर्जुनचौपारी गाउँपालिकावासीहरूले अनुमोदन गरेको कार्यकालको तेस्रो वर्ष सफलतापूर्वक पूरा गरी चौथो वर्षमा प्रवेश गर्दा हामी पालिकावासीहरूको अनुहारमा आशा, विश्वास र सकारात्मकताको झल्को देखिरहेका छौं। हाम्रो ध्यान क्षणिक लोकप्रियता प्राप्तिमा मात्र नभई, अर्जुनचौपारी गाउँपालिकाको सुरक्षित, समृद्ध र गर्विलो भविष्य निर्माणका लागि बलियो आधार तयार गर्नमा केन्द्रित रहँदै आएको छ। आगामी दिनहरूमा पनि हामी यही मार्गमा अघि बढ्ने प्रतिबद्धता लिएका छौं।

३. विगतका तीन वर्षको अवधिमा हामीले वितरणमुखी कार्यक्रमहरू, अनावश्यक संरचना निर्माण र फजुल खर्चमा नियन्त्रण गरी तिनबाट बचत भएको स्रोतलाई शिक्षा, स्वास्थ्य र पूर्वाधारजस्ता दीर्घकालीन महत्व एवम् दिगो प्रतिफल दिने क्षेत्रहरूमा प्राथमिकताका साथ लगानी गरेका छौं। यसको सकारात्मक परिणाम आज हामी सबैका सामु स्पष्ट र प्रेरणादायी रूपमा देखिएको छ।

४. हामी अहिले अर्जुनचौपारीको आधारशिला निर्माणको चरणमा छौं। हामी स्वयं केही हैनौं भन्ने आत्ममूल्यांकन, "अर्जुनचौपारी कहाँ छ?" र "अर्जुनचौपारी कमजोर छ" भन्ने धारणाबाट माथी उठ्दै, हामीले दृढ र अर्थपूर्ण उपस्थिति जनाउन सफल भएका छौं। यो सफलता हाम्रो प्रतिबद्धता, समुदायको साथ, र साझा प्रयत्नको परिणाम हो।

५. हिजो जहाँ केही स्वार्थकेन्द्रित शक्तिहरूले यसको सम्भावना थिचेर राखेका थिए, आज त्यही अर्जुनचौपारी सामूहिक चेतना, जनसहभागिता र नयाँ नेतृत्व चेतनाको आधारमा पुनर्जागरणको बाटोमा अघि बढेको छ। यो मात्र परिवर्तन होइन, यो न्याय, समावेशीता र समृद्धिको नयाँ युगको आरम्भ हो।

६. अर्जुनचौपारी गाउँपालिकाको पहिचान र चिनारीलाई विश्वसामु उजागर गर्न र धार्मिक पर्यटनको प्रवर्द्धन मार्फत समग्र गाउँपालिकाको विकासका लागि नेपालकै पहिलो नवग्रह मन्दिरको छोटो समयमा निर्माण सम्पन्न भई भव्य रुपमा अनुष्ठान समेत सुसम्पन्न भएको छ। अनुष्ठान पश्चात दैनिकजसो बाहिरी पर्यटक र दर्शनार्थीको आगमनले चलायमान भएको अर्थतन्त्रले प्रष्ट भन्छ, हामी हाम्रो लक्ष्यमा सफल भएका छौँ। तथापी, यसको दिगो व्यवस्थापन गर्दै आगामी वर्षमा नवग्रह मन्दिरको पर्यटनमार्फत् नागरिक जीवनमा उन्नयन एवम् रुपान्तरण ल्याउन गाउँपालिका सदैव अग्रसर रहनेछ।

७. हाम्रो कार्यकाल प्रारम्भमा मात्र १७% विद्यार्थी पालिका स्तरीय परीक्षामा उत्तीर्ण भएकोमा गत वर्ष ९७% सफलता हासिल हुनु अर्जुनचौपारीको शिक्षा सुधारको स्वर्णिम संकेत हो भन्ने हाम्रो विश्वास छ। संस्कार शिक्षाबाट उत्पन्न सकारात्मक प्रभावले सुसंस्कृत, नैतिकवान् र सभ्य नागरिक निर्माणमा टेवा पुऱ्याएको छ। तथापी, बदलिँदो विश्वपरिवेशमा हामी केवल नतिजाको अङ्कमामात्र सन्तुष्ट हुने अवस्था भने छैन। त्यसैले आगामी वर्षमा हामी नतिजामा मात्र केन्द्रित नभएर विद्यार्थीको सर्वाङ्गिण विकासमा केन्द्रित रहने छौँ।

**गाउँसभा सदस्यहरू,**

८. आमा समूह मोडेलमार्फत् विकासलाई द्रुतता दिनका लागि हामीले हालसम्म ७३ वटा आमा समूहहरु दर्ता गरी मूल प्रवाहमा ल्याउन सफल भएका छौँ। हामी महिलाहरुको सशक्तिकरण, शासनमा सहभागिता एवम् क्षमता अभिवृद्धि गरी बहुस्तरीय शासनको अवधारणालाई साकार रुप दिन कटिबद्ध छौँ । सरसफाई, जनचेतना, कृषि उत्पादन, सेवा प्रवाह र सभ्य समाजको निर्माणमा आमा समूहको उल्लेखनीय योगदानको हामी प्रशंसा गर्दछौँ।

९. बढ्दो वित्तीय अनुशासन एवं सुशासनका कारण अर्जुनचौपारी गाउँपालिकाको आन्तरिक राजस्व यस वर्ष १६ प्रतिशतले बढेको छ भने बेरुजुको आकार वार्षिक रुपले घट्दो छ। गत वर्ष झैं स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) र स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन(FRA) मा सर्वोत्कृष्टको ताजले यस वर्ष पनि हामी सुशोभित भएका छौँ।

१०. हामी व्यक्ति विशेषको भर पर्ने प्रणाली होइन, संस्थाहरू बलियो हुने प्रणाली निर्माण गर्ने दिशामा अघि बढिरहेका छौँ। संस्थागत सुदृढीकरणमार्फत मात्र पारदर्शिता, जवाफदेहिता, सुशासन र नागरिक भरोसा कायम गर्न सकिन्छ भन्नेमा सरकार स्पष्ट छ। संविधानको मर्मअनुसार, सबै वडा, स्वास्थ्य संस्था र विद्यालयलाई प्रभावकारी रूपमा सञ्चालन गर्दै लोकतान्त्रिक मूल्य, मानवअधिकार, समावेशीता र सामाजिक न्याय सुनिश्चित गर्ने हाम्रो प्राथमिकता हो।

**गाउँसभा सदस्यहरू,**

११. एक समय कमजोर, झन्झटिलो र नागरिकलाई निराश बनाउने सेवा प्रवाह; दिनप्रतिदिन खस्कँदो शिक्षा क्षेत्र; औषधी नपाइने र उपचार नहुने अवस्था रहेको स्वास्थ्य प्रणालीमा आज सकारात्मक र गहिरो रूपान्तरण आएको छ। जहाँ पहिले जनताले आधारभूत सेवा पाउन संघर्ष गर्नुपर्थ्यो, अहिले त्यही प्रणालीमा उत्तरदायित्व, पहुँच, गुणस्तर र जनताको विश्वास पुनःस्थापित हुँदै गएको छ। यो परिवर्तन केवल व्यवस्थाको होइन, जनताको जीवनस्तर, आत्मविश्वास र भविष्यप्रतिको भरोसामा आएको ऐतिहासिक उचाइ हो।

१२. शिक्षा क्षेत्रमा आमूल परिवर्तन गर्ने उद्देश्य राखी हामी अगाडी बढे तापनि गाउँपालिकाको सदरमुकाममै अवस्थित विद्यालयको व्यवस्थापनमा रहेका समस्याका कारण हामी अपेक्षित लक्ष्य प्राप्त गर्न सकेका भने छैनौं। सम्मानित अदालतको आदेशको पालना तथा संघीय शिक्षा ऐन नआइसकेको अवस्थामा अर्जुनचौपारीमा नेपालकै नमुना विद्यालय बनाउने हाम्रो प्रयासले सार्थकता नपाए पनि हामी यसतर्फ संघर्षरत नै छौ । स्रोतको अभावले यस वर्ष सम्पूर्ण विद्यालयमा विद्युतीय हाजिरीको व्यवस्था गर्न नसकिए पनि आगामी वर्ष हामीले सो विषयलाई प्राथमिकतामा राखेका छौं।

**गाउँसभा सदस्यहरु**

१३. **अब म अर्जुनचौपारी गाउँपालिकाको आ.ब. २०८२।८३ का नीति तथा कार्यक्रमका प्राथमिकताहरु प्रस्तुत गर्न चाहन्छु ।**

क. सबैका लागि सुरक्षित र सहज खानेपानी पहुँच सुनिश्चित गर्दै जीवनस्तरमा सुधार गर्ने,

ख. सेवा प्रवाह सुदृढ गर्न संस्थागत क्षमता अभिवृद्धि गर्दै पारदर्शिता र जवाफदेहिता कायम गर्ने,

ग. विकास निर्माणलाई व्यवस्थित र बस्तुनिष्ठ बनाउन आयोजना बैंकको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने,

घ. धार्मिक, शैक्षिक र खेल पर्यटनको प्रवर्द्धनमार्फत आर्थिक समृद्धिको नयाँ आधार तयार गर्ने,

ङ. गुणस्तरीय शिक्षा, सर्वसुलभ स्वास्थ्य सेवा र पूर्वाधार संरक्षण एवम् सुदृढिकरण गर्ने ।

**गाउँसभा सदस्यहरू,**

१४. **'साझा प्रतिबद्धता, साझा जिम्मेवारी - हामी सबैको सपना समुन्नत अर्जुनचौपारी'** यही मन्त्रलाई आत्मसाथ गर्दै अर्जुनचौपारी गाउँपालिकाको गर्विलो र सुरक्षित भविष्यको लागि तयार गरेको अर्जुनचौपारी गाउँपालिका विकासको पाँच वर्षिय बृहत् गुरुयोजनाको चौथो अंक अर्थात् आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

१५. **"स्वच्छ पानी, सुरक्षित जिन्दगानी"** को मर्मबोध गर्दै यस वर्षमा अर्जुनचौपारी गाउँपालिकाका ८५ प्रतिशत घरमा खानेपानीको धारा पुग्नेगरी प्रक्रिया थालिएकोमा आगामी वर्ष ९५ प्रतिशत घरमा पर्याप्त र दिगो खानेपानीको पहुँच सुनिश्चित गर्न नयाँ खानेपानी योजना निर्माण गरिने छ भने पुराना

योजना मर्मत सम्भार गरिनेछ। खानेपानीको शुद्धताको सुनिश्चितताका लागि गाउँपालिकामा पानी परीक्षण प्रयोगशालाको स्थापना गरिनेछ। पानीको स्रोत एवम् मुहानको संरक्षणका लागि भरणपोखरी निर्माण र वृक्षारोपण कार्यलाई अभियानको रुपमा अगाडि बढाइनेछ। खानेपानीको दिगो व्यवस्थापनका लागि सफल आमा समूह कै मोडेलमा खानेपानी उपभोक्ता समितिलाई सह-निर्माताको रुपमा विकास गरिने छ।

१६. बिगत तीन वर्षको अवधिमा स्थानीय सरकारको पहलमा शिक्षा क्षेत्रमा उल्लेखनीय सुधारहरू भएका छन्। आधारभूत पूर्वाधारको विकाससँगै Room to Read लगायतका संस्थाहरूको सहकार्यमा शिक्षाको गुणस्तरमा सकारात्मक परिवर्तन आएको छ। यद्यपि, द्रुत गतिमा अगाडि बढिरहेको प्रविधिको युगमा परम्परागत शिक्षण पद्धति मात्र अब पर्याप्त छैन। बदलिँदो शैक्षिक आवश्यकता र प्रविधिको प्रभावलाई ध्यानमा राख्दै शिक्षण प्रणालीमा कृत्रिम बुद्धिमत्ता (AI), अनलाइन शिक्षा, तथा डिजिटल उपकरणहरूको प्रयोग गरी विद्यार्थीहरूमा सिर्जनात्मकता, नवप्रवर्तन र विश्वस्तरको प्रतिस्पर्धामा सहभागी हुन सक्ने क्षमता विकास गर्नका लागि **Brains for Tomorrow** कार्यक्रम सञ्चालन गरिनेछ।

१७. शैक्षिक गतिविधिको सुदृढीकरणका लागि विद्यार्थी तथा अभिभावकलाई विद्यालयका सम्पूर्ण क्रियाकलापमा पहुँच सुनिश्चित गरी पारदर्शिता कायम गरिनेछ। यस उद्देश्यका लागि प्रत्येक विद्यालयमा **सूचना अधिकारी तथा गुनासो सुन्ने अधिकारीको** व्यवस्था गरिनेछ। "म जिम्मेवार शिक्षक", शैक्षिक उत्प्रेरणात्मक कार्यक्रम, विद्यालय मनोपरामर्श सेवा तथा विद्यालय स्वास्थ्य कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ। साथै, विद्यालयको सामाजिक परीक्षणमा पालिकाका **जनप्रतिनिधि तथा कर्मचारी**को सक्रिय उपस्थितिलाई अनिवार्य गरिनेछ।

**गाउँसभा सदस्यहरु,**

१८. **"नागरिकलाई टेवा, घर घरमा स्वास्थ्य सेवा"** भन्ने कार्यक्रमको पहुँच, गुणस्तर र दायरा अझ फराकिलो बनाइ प्रतिकारात्मक एवम् प्रवर्द्धनात्मक स्वास्थ्य सेवालाई प्रभावकारी बनाइनेछ। स्वास्थ्य संस्थाहरूको पूर्वाधारहरू व्यवस्थित एवम् थप गर्नका लागि आवश्यक पहल गरिने छ। **स्वास्थ्य सेवा सहजीकरण सम्पर्क व्यक्ति** मार्फत् स्वास्थ्य सेवाको पहुँच बढाउँदै अर्जुनचौपारीबासीले गाउँपालिका बाहिर स्वास्थ्य उपचार प्राप्त गर्दा कुनै अन्योलता भएमा वा परामर्श आवश्यक भएमा पनि पालिका सँगै रहेको आभाष दिलाइने छ।

१९. स्वास्थ्य संस्थाहरुको स्तरोन्नति गरी प्रदान गरिने सेवा विस्तार गरिनेछ । गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्न आधारभूत स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, स्वास्थ्यकर्मी, स्वयंसेविकाहरूलाई सेवा प्रवाह र कार्यक्षमताको आधारमा मूल्याङ्कन गरी प्रोत्साहन गर्दै लगिने नीति अवलम्बन गरिनेछ। पालिकामा सञ्चालनमा रहेको आँखा उपचार केन्द्रबाट प्रदान गरिएका सेवामा थप विस्तार गरिनेछ।

२०. स्थानीय जडिबुटीको महत्वम उपयोग गरी आगामी वर्ष पालिकास्तरमै आयुर्वेद औषधीको उत्पादन गरिनेछ। आयुर्वेद गाउँघर क्लिनिक, योग तथा नागरिक आरोग्य कार्यक्रममार्फत् नागरिकमा प्रतिरोधात्मक क्षमताको अभिवृद्धि गरिनेछ। गण्डकी प्रदेश सरकारसँगको समन्वयमा अर्जुनचौपारीलाई **Wellness Tourism** को गन्तव्यको रुपमा विकास गरिने छ।

**गाउँसभा सदस्यहरु,**

२१. **एक टोल एक काठे गाई** कार्यक्रम, उत्पादनमा आधारित अनुदान कार्यक्रम र गुणस्तरीय बीउबिजन तथा मल वितरण कार्यक्रमलाई निरन्तरता दिँदै स्थानीय उत्पादनको प्रवर्द्धन गरिनेछ। युवा लक्षित व्यवसायिक पशुपालन प्रवर्द्धनका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिने छ।

२२. गाउँपालिकाले सञ्चालनमा ल्याएको नवग्रह कृषि फर्मलाई थप व्यवस्थित गरी एकीकृत कृषि प्रणाली, बहुबाली प्रणाली तथा जैविक एवम् प्रविधिमैत्री कृषि तर्फ उन्मुख गराइनेछ। कृषिको सम्भाव्यताहरुको अध्ययन, इकोसिस्टम निर्माण तथा विशिष्टिकरणका लागि पाइलट प्रोजेक्टका रुपमा सुरु गरिएको नवग्रह कृषि फर्मलाई Decorative Farming को अवधारणामा अगाडि बढाईनेछ।

२३. **“मिसन रोजगारीः दिगो रोजगारी र उत्पादनशीतला प्रवर्दन"** अभियान सञ्चालन गरिनेछ। गाउँपालिकाभित्र नविन सोंच, प्रविधि र उद्यमशिलतामार्फत् रोजगारी र आय सिर्जना गर्ने Start Up तथा नवप्रवर्तनमूलक कृषि तथा गैर कृषि व्यवसायलाई प्रोत्साहन गर्न सहुलियत ब्याजदरमा कर्जाको व्यवस्था गरिनेछ। युवा, दलित, महिला, ज्येष्ठ नागरिक, श्रमिक, साना किसान, असाहाय तथा अपाङ्ग भएका व्यक्ति, गरिब तथा विपन्न, सीमान्तकृत अल्पसंख्यक र पिछडिएको वर्गहरूको सबलीकरण र सशक्तिकरणका लागि सीपमूलक र रोजगारमूलक कार्यक्रम सञ्चालन गरिनेछ।

२४. गाउँपालिकाबाट बसाईसराई गरेर अन्यत्र जाने प्रवृत्ती रोक्न तथा Reverse Migration लाई प्रवर्द्धन गर्न गाउँपालिकाभित्र रहेका बाँझो जग्गा र खाली भएका घर आवश्यक व्यक्तिलाई अस्थायीरुपमा प्रयोग गर्न दिने व्यवस्थालाई अभियानका रुपमा सञ्चालन गरिनेछ।

**गाउँसभा सदस्यहरु,**

२५. गड्यौलीखोलामा निर्माणाधिन Arjunchaupari Mathematical and Botanical Park लाई विद्यार्थीहरुको शैक्षिक गन्तव्यका साथसाथै पिकनिक स्पटको रुपमा व्यवस्थित गरिने छ। नेपालकै पहिलो नवग्रह मन्दिर, साउन्ड हिलिङ सेन्टर, Arjunchaupari Mathematical and Botanical Park र थाप्ले खेल मैदानलाई पूर्वाधार विस्तार, सशक्त प्रवर्द्धन, स्तरीय सेवा र स्थानीय संलग्नता मार्फत पालिकाका प्रमुख पर्यटकीय गन्तव्यको रूपमा स्थापित गरिनेछ। प्रथम वर्षमा विद्यार्थी र आन्तरिक तथा बाह्य गरी कम्तिमा पनि ३ लाख पर्यटक भित्र्याउने गरी प्रचारात्मक र प्रबर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिने छ। जलवराह धार्मिक वन क्षेत्रलाई नेपालकै उत्कृष्ट धार्मिक पर्यटनको गन्तव्यको रुपमा विकास गरिनेछ।

२६. युवालाई खेलप्रति आकर्षित गर्न, प्रतिभाको पहिचान गर्न र खेल क्षेत्रमार्फत् पर्यटनको प्रवर्द्धन गर्न आगामी वर्ष अर्जुनचौपारी गाउँपालिका वडा नं ५ स्थित थाप्ले क्रिकेट मैदानमा **प्रदेशस्तरिय Gandaki T-10 Cricket League** को आयोजना गरिनेछ।

२७. औद्योगिक ग्राममा न्यूनतम १० जनालाई रोजगारी दिने उद्योग संघ संस्थालाई भाडा छुटको व्यवस्थालाई निरन्तरता दिइनेछ। गाउँपालिकाले सञ्चालनमा ल्याएको ढुँगा कटिङ उद्योगलाई थप व्यवस्थित गरी रोजगारी सिर्जना एवम् राजश्व वृद्धिमा जोड दिइनेछ। औद्योगिक ग्राममा उद्योगहरु थप गर्न प्रचारात्मक तथा प्रवर्द्धनात्मक नीति अवलम्वन गरिनेछ।

२८. आगामी वर्ष अर्जुनचौपारी गाउँपालिकामा प्रथम पटक खनिजको उपलब्धताका सम्बन्धमा अनुसन्धान गरिनेछ । खनिज पदार्थको पहिचान र उत्खनन् कार्यलाई व्यवस्थित रुपमा सञ्चालन गरी खनिज सम्पदाको दिगो, पारदर्शी र उत्तरदायी व्यवस्थापनमार्फत् गाउँपालिकाको आर्थिक समृद्धि र जनजीविकामा गुणात्मक परिवर्तन ल्याउने गरी अध्ययनको थालनी गरिनेछ।

**गाउँसभा सदस्यहरू,**

२९. सबै वडा कार्यालयलाई पालिका केन्द्रसँग पक्की सडकमार्फत जोड्ने हाम्रो प्रतिबद्धता अनुरूप हालसम्म १० कि.मी. पक्की सडक निर्माण भइसकेको छ भने चालु आ.ब.मा थप १२.५ कि.मी. सडक निर्माण कार्य कार्यान्वयनको चरणमा रहेको छ। सोही लक्ष्य अनुरुप यस वर्ष वडाहरू १, २, ३ र ४ पालिका केन्द्रसँग जोडिनेछन्, र आगामी आ.ब.मा वडाहरू ५ र ६ समेत कालोपत्रे सडकमार्फत जोडिनेछ।

३०. **अर्जुनचौपारी-आग्रीखर्क-पर्वतको कुश्मा देखि बाग्लुङ हुँदै मुक्तिनाथसम्म** जोड्ने सबैभन्दा छोटो दुरीको सडक मार्गलाई नेपालकै पहिलो नवग्रह मन्दिर र मुक्तिनाथधाम जोड्ने धार्मिक सडकका रुपमा विकास गर्न नेपाल सरकार र गण्डकी सरकारसँग समन्वय गरी आवश्यक स्तरोन्नति र प्रवर्द्धन गरिने छ।

३१. पूर्वाधारको दिगोपना र गुणस्तर सुनिश्चित गर्न प्रत्येक योजनाको स्वीकृत बजेटको १ प्रतिशत रकम **"पूर्वाधार मर्मत-सम्भार कोष"**मा स्वतः विनियोजन गरिनेछ। कोषको प्रभावकारी व्यवस्थापनका लागि **"मर्मत-सम्भार व्यवस्थापन समिति"** गठन गरी प्राथमिकताका आधारमा मर्मत कार्य सुचीकरण गरी समयनिष्ठ उपयोग सुनिश्चित गरिनेछ।

३२. आयोजना बैंकको अवधारणाको कार्यान्वयनलाई अनिवार्य गरिनेछ। आयोजना बैंकमा भएका आयोजनामात्र प्राथमिकताका आधारमा कार्यान्वयन गरिनेछ। आयोजनाका सम्बन्धमा बजेट माग वा सिफारिस पत्र प्रदान गर्दा आयोजना बैंकलाई प्राथमिकता दिइनेछ। औचित्य पुष्टि नहुने प्रकृतिका आयोजना तथा लाभ लागत विश्लेषण नगरिएका आयोजनालाई बजेट विनियोजन एवम् कार्यान्वयनमा निरुत्साहन गरिनेछ। उपभोक्ता समितिमार्फत् सञ्चालन हुने साना योजनाहरुको सम्झौता वडा कार्यालयबाट हुने गरी व्यवस्था मिलाइने छ।

३३. सेवा प्रवाह र विकास व्यवस्थापनमा सार्वजनिक-निजी साझेदारी (PPP Model) लाई प्रोत्साहन गरिने छ। फोहरमैला व्यवस्थापनमा अन्तर स्थानीय तह साझेदारी गर्ने नीति अवलम्वन गरिने छ ।

३४. कार्यक्रम र योजनाहरुको सामाजिक, लेखापरीक्षण गरिनेछ। घर नक्सा पासलाई अनिवार्य गरी अभिलेखका लागि निश्चित समय सीमा दिई समयमै अभिलेखिकरण गर्नेलाई प्रोत्साहन गर्ने नीति लिइनेछ। गाउँपालिकाभित्रका सार्वजनिक जग्गा एवं सम्पत्तिको एकीकृत लगत राखिनेछ। सार्वजनिक सम्पत्तिको संरक्षण एवम् सम्वर्द्धनमा सम्पूर्ण सरोकारवालालाई जिम्मेवार एवम् जवाफदेही तुल्याइनेछ।

३५. सीपमूलक रोजगार प्रवर्द्धनको लागि रोजगार सेवा केन्द्र, गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम, गरिबसँग विश्वेश्वर कार्यक्रम, स्थानीय रोजगार कार्यक्रम र दलित उत्थान केन्द्रका कार्यक्रमहरू प्राथमिकताका साथ अगाडि बढाइनेछ। सुचिकृत बेरोजगारहरुलाई गाउँपालिकाका विकास निर्माणका आयोजनामा प्राथमिकता दिनेगरी व्यवस्था मिलाइनेछ। श्रमको सम्मान गर्ने संस्कृतिको विकास गर्नका लागि आवश्यक कार्यक्रमको सञ्चालन गरिनेछ।

३६. आगामी वर्ष कम्तिमा दुई वटा वडालाई बालमैत्री घोषणा गरी बालमैत्री, पोषणमैत्री एवम् अपाङ्गमैत्री पूर्वाधार तथा संरचनाको निर्माण गरिने छ। गठन गरिएको विद्यालयस्तरीय बालसञ्जाललाई सक्रिय बनाइराख्न कार्यक्रमहरु सञ्चालन गरिनेछ। अपाङ्गता परिचय पत्र वितरणमा सहजिकरण गरिनेछ । ज्येष्ठ नागरिक परिचयपत्र वडाबाट पनि वितरण हुनेगरी व्यवस्था मिलाईनेछ । **Beijing Platform for Action** अनुरुप लैंगिक समानता र सामाजिक समावेशीकरण सुनिश्चित गरी लैङ्गिक हिंसा, घरेलु हिंसा, जातीय छुवाछुत, भेदभाव र बोक्सीका आरोप जस्ता कुरिती, कुप्रथा अन्त्य गर्न निरोधात्मक, संरचनात्मक र सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। सबै खाले बालश्रम शोषणको अन्त्य गरिनेछ।

**गाउँसभा सदस्यहरू,**

३७. स्थानीय स्तरमा विपद पूर्व तयारी तथा प्रतिकार्य योजना, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, स्थानीय तटबन्द, नदी र पहिरोको नियन्त्रण, विपद जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरूको पहिचान र स्थान्तरण गरिनेछ एवम् विपद व्यवस्थापनका लागि वडास्तरीय र गाउँपालिकास्तरीय विपद् व्यवस्थापन समितिलाई परिचालन गरिनेछ।

३८. गाउँपालिकाको अधिकारक्षेत्रका करहरुको दरलाई क्रमशः कम गर्दै करका दायरा विस्तार गरी राजश्व सङ्कलनमा वृद्धि गरिनेछ। पालिकास्तरीय अनुगमन समितिलाई थप सक्रिय बनाई सञ्चालन भएका सम्पूर्ण व्यापार एवम् व्यवसाय करको परिधिभित्र समेटिनेछ।

३९. संस्थागत संरचना सुदृढीकरणका लागि पालिकाको प्रशासनिक, प्राविधिक तथा मानव संशाधन प्रणालीलाई सूचनामैत्री बनाउँदै सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहीता तथा परिणाममुखी कार्यसम्पादन सुनिश्चित गर्न प्रशासनिक संरचना र कार्यहरुमा अनुत्पादक खर्चहरु कटौति गरिनेछ । कर्मचारी

तथा जनप्रतिनिधिको दक्षता अभिवृद्धि गर्न निरन्तर तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरीनेछ। गुनासो व्यवस्थापन प्रणालीलाई थप व्यवस्थित एवम् प्रभावकारी बनाउँदै नागरिक मैत्री सेवाको सुनिश्चितता गरिनेछ ।

**गाउँसभा सदस्यहरू,**

४०. सबैलाई समान अवसर, अधिकार, सुरक्षा र  सम्मानको प्रत्याभूति गर्ने गरी उपयुक्त नीति, सक्षम नेतृत्व, दृढ आत्मविश्वास र समर्पणका साथ अगाडि बढ्दा विकासको अभियानलाई तीव्रता दिन सकिनेछ भन्ने सकारात्मक सन्देश सम्प्रेषण गर्न चाहन्छु।

४१. अर्जुनचौपारी गाउँपालिकाका हरेक निर्णय पालिकाको समुन्नत भविष्य हेरेर गरिने नीति लिएका छौं। क्षणिक लोकप्रियता र लाभको पछि नलागी अर्जुनचौपारी गाउँपालिका बासीहरूको सुरक्षित तथा गर्बिलो भविष्य निर्माण गर्न, वर्तमानमा सुधार गर्दै, भविष्यलाई दिशा निर्देश गरिनेछ।

४२. प्रस्तुत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा जनप्रतिनिधि, कर्मचारी र नागरिक सबैको सहकार्य र स्वामित्व अपरिहार्य छ। अन्तमा: उपस्थित सबैमा धन्यवाद दिँदै प्रस्तुत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा आम स्थानीयबासी र सरोकारवाला सम्पूर्णको रचनात्मक सहयोगको अपेक्षा गरेको छु।

धन्यवाद ।

जय नवग्रह ।।